## मालिका गाउँ कार्यपालिकाको ७४ औं बैठक/स्थान:अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८३ साल बैशाख महिनाको २२ गते मंगलवार

अध्यक्षता: श्रीमान् बेग प्रसाद गर्बुजा ज्यू ,गाउँपालिका अध्यक्ष

| क्र.सं. | नाम,थर | पद/कार्यालय | हस्ताक्षार |
|---|---|---|---|
| १. | श्री बेग प्रसाद गर्बुजा | अध्यक्ष, मालिका गा.पा. | |
| २. | श्री लक्ष्मी देवि घर्ति मगर पुन | उपाध्यक्ष,मालिका गा.पा. | |
| ३. | ~~श्री टंक प्रसाद पुन~~ श्री मानसिंह सापकोटा | वडा अध्यक्ष, मालिका-१ | |
| ४. | श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष,मालिका-२ | |
| ५. | श्री मोति प्रसाद बुढा | वडा अध्यक्ष,मालिका-३ | |
| ६. | श्री भजेन्द्रमान पुन | वडा अध्यक्ष,मालिका-४ | |
| ७. | श्री मिम पुन | वडा अध्यक्ष,मालिका-५ | |
| ८. | श्री पथ बहादुर रोका | वडा अध्यक्ष,मालिका-६ | |
| ९. | श्री टक बहादुर पुन | वडा अध्यक्ष,मालिका-७ | |
| १०. | श्री अनुप गौचन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| ११. | श्री मन कुमारी पुन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १२. | श्री प्रतिक्षा वि.क. | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १३. | श्री देवि.पटेल | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १४. | श्री छरदेवी घर्ती | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १५. | श्री दल बहादुर खड्काथोकी | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १६. | श्री हरिश्चन्द्र ढकाल | प्र.प.अ.,मालिका गा.पा. | |
| | अन्य उपस्थिति | | |
| १७. | आराम थापा मगर | प्रशासकीय अधिकृत | |
| १८. | बसन्त थापा मगर | सहायक प्रशासकीय अधिकृत | |
| १९. | | | |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ्ग, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

## निर्णयहरु:

**प्रस्ताव नं. १: संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।**

**निर्णय:** नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०१/०२ को बैठकबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण राष्ट्रिय मापदण्ड २०८२ स्वीकृत भएको र सोको कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदवार काठमाण्डौंको च.नं.१२६ ,मिति २०८३/०१/११ को पत्र मार्फत स्थानीय तहहरुलाई निर्देशन भई आएको हुँदा मालिका गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि **संगठन तथा व्यवस्थापन सर्वेक्षण राष्ट्रिय मापदण्ड २०८२** को दफा ५ को उपदफा ३ बमोजिम स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: झोलुङ्गे पुल सम्बन्धी कार्य प्रत्यायोजन सम्झौता नविकरण सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिकाको कार्यालय प्रथम पक्ष र गै.स.स. मिलन म्याग्दी दोस्रो पक्ष बिच मिति २०७८/११/०२ मा भएको झोलुङ्गे पुल सम्बन्धी कार्य प्रत्यायोजन सम्झौताको म्याद समाप्त भएको हुँदा सोही सम्झौताको बुँदा नं. ५(२) बमोजिम २०८४ असार मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: कक्षा १-८ को स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका मार्फत तयार गरिएको कक्षा १-८ को **"हाम्रो मालिका"** नामक स्थानीय पाठ्यक्रम स्वीकृत गरी शैक्षिक सत्र २०८३ देखि कार्यान्वयन गर्ने साथै उक्त पाठ्यक्रम अनुसार **"हाम्रो मालिका"** नामक कक्षा १-३ को लागिं तयार भएको स्थानीय पाठ्यपुस्तक सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यान्वयन गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय:** म्याग्दी जिल्ला मालिका गाउँपालिकावासी देहाय बमोजिमका व्यक्ति देहायको मितिमा प्राकृतिक प्रकोप विपद्बाट प्रभावित भएको , निजको आर्थिक अवस्था न्युन कमजोर रहेको हुँदा गाउँपालिकाबाट आर्थिक सहायता तथा पुनर्स्थापना स्वरुप देहायको सहयोग राहत आकस्मिक विपद् कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र. सं. | नाम थर | ठेगाना | विपद्को विवरण | मिति | सहायता रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | हस्त बहादुर पुन | मालिका-२ | घरमा आँगलागी | २०८२/११/१० | ३० हजार | |

**प्रस्ताव नं. ५: योजना फरफारक/भुक्तानी सम्बन्धमा ।**

**निर्णयः**मालिका गाउँपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु लागत इस्टिमेट तथा प्राविधिक स्पेशिफेकशन बमोजिम सम्पन्न भएको हुँदा फरफारक गरी नियमानुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं | योजना तथा कार्यक्रमको विवरण | कार्यान्वयन स्थल | विनियोजित रकम | कै. |
|---|---|---|---|---|
| १. | अर्खबाङ घाङ्लेपानी दुरलेक पदमार्ग निर्माण | मालिका-२ | ५ लाख | |
| २. | डाँडागाउँ पदमार्ग निर्माण | मालिका-३ | ४ लाख | |
| ३. | बिल्बाङ्ग खबाङ्ग देउराली पदमार्ग | मालिका-२ | ४ लाख ६४ हजार | |
| ४. | सिउढी भिर रेलिङ तथा सत्तल निर्माण | मालिका- ३ | ५ लाख | |
| ५. | बाघखोर ढल निकास | मालिका- ३ | २ लाख | |
| ६. | बासिन्धारा पदमार्ग | मालिका- ३ | २ लाख | |
| ७. | जनहित आमा समूह भवन संरक्षण | मालिका- ६ | ५ लाख | |
| ८. | बालौटो बिरालो टाउको पदमार्ग | मालिका- ६ | ५ लाख | |
| ९. | दनेला खानेपानी मर्मत | मालिका- १ | १ लाख | |
| १०. | दरबाङ्ग चर्च भवन | मालिका- ६ | ४ लाख | |
| ११. | देवि मन्दिरमा ट्रस पाइप छाना मर्मत | मालिका- ४ | २ लाख ५० हजार | |
| १२. | डाँडागाउँ खानेपानी ट्याङ्की निर्माण | मालिका- ७ | २ लाख ८५ हजार | |
| १३ | महिबाङ तटबन्धन | मालिका- ४ | २ लाख ४० हजार | |
| १४ | निस्कोट स्वास्थ्य चौंकी घेराबार | मालिका -१ | २ लाख ५० हजार | |
| १५. | सिद्ध आ.वि.खेलमैदान घेरबार | मालिका-६ | २ लाख ५० हजार | |
| १६. | माल्थान ढल निकास | मालिका-७ | २ लाख | |
| १७. | लुक्सीपार ग्याविन निर्माण | मालिका-३ | ३ लाख ८५ हजार | |
| १८. | औल देखि बेबा पदमार्ग | मालिका-३ | ४ लाख | |
| १९. | ढिकबाङ देखि स्वास्थ्य चौंकी पदमार्ग | मालिका-३ | ४ लाख | |
| २०. | मगरदाङ सामुदायिक भवन मर्मत | मालिका-५ | १ लाख ५० हजार | |
| २१. | मगरदाङ दलित सत्तल | मालिका-५ | ४ लाख | |
| २२. | देवि मन्दिर मर्मत | मालिका-५ | २ लाख | |
| २३. | भार्ता ढल निकास | मालिका-५ | ५ लाख | |
| २४. | तोसरबाङ मोटरबाटो | मालिका-५ | ९ लाख | |

**प्रस्ताव नं. ६: टोल वस्ती तथा वडा स्तरिय योजना कार्यक्रम छनौट तथा प्राथमिकीकरण सम्बन्धमा ।**

**र्निाय:** मालिका गाउँपालिकाको आ.व.२०८३/०८४ को निति तथा कार्यक्रमका विचमा तादाम्यता रहने गरी समावेशी जनसहभागितामूलक योजना तथा कार्यक्रमहरु प्रत्येक टोल तथा वस्तीस्तरबाट छनौट तथा प्राथमिकीरण गरी २०८३ जेष्ठ १० गते भित्र गा.पा.मा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण हटाउने सम्बन्धमा ।**

**निर्णय:** जिल्ला प्रशासन कार्यालय म्याग्दीको च.नं.२७६८ मिति २०८३/०१/१६ को पत्र साथ प्राप्त गृह मन्त्रालयको च.नं.६३७ मिति २०८३/०१/१६ को पत्रानुसार यस मालिका गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भए नभएको सम्बन्धमा अध्ययन गरी अभिलेख अद्यावधिक गर्ने र अतिक्रमित भएको पाइएमा अतिक्रमण हटाउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र सम्बन्धित निकाय सँग समन्वय गरी आवश्यक कायार्थको निर्णय गरियो ।

**प्रस्ताव नं. ८: विद्युतीय हाजिरी सम्बन्धमा ।**

**निर्णय:** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (प्र.सु.तथा व्य.प.शाखा) को च.नं.७४ मिति २०८३/०१/१० को पत्र मार्फत विद्युतीय हाजिर अनिवार्य सम्बन्धी निर्देशन भई आएको सम्बन्धमा यस मालिका गाउँपालिका तथा मातहतका निकायमा फेस रिडर सहितको विद्युतिय हाजिरिको व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: उपचार खर्च सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका वडा नं.०४ निवासी बल बहादुर सिउथानीको छोरा रिठे सिउथानी मिति २०८२/१०/२० गते रुखबाट लडेर खुट्टा भाँचिएको हाल मणिपाल शिक्षण अस्पताल पोखरामा उपचाररत रहेको ,निज तथा स परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा गाउँपालिकाबाट स्वास्थ्य उपचार स्वरुप रु १५ हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०: भू-उपयोग क्षेत्र वर्गिकरण तालिका सम्बन्धमा ।**

**निर्णय:** भ-ूउपयोग ऐन २०७६ तथा नियमावली २०७९ बमोजिम मालिका गाउँपालिकाको क्षेत्राधिकार भित्रको भू-उपयोग क्षेत्र वर्गिकरणका लागि सम्बन्धित वडा समितिले सहजिकरण गर्ने निर्णय गरियो ।